# चन्द्रागिरि नगरपालिका अन्तरगत सञ्चालनमा रहेका सार्वजनिक विद्यालयहरुबाट सम्पादन हुने सशर्त अनुदानका र राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम अन्तरगतका क्रियाकलापहरुको कार्यान्वयन प्रक्रिया तथा मापदण्डसम्बन्धी निर्देशन

क. विद्यालयले सशर्त अनुदान तर्फका सबै कार्यक्रमको कार्यान्वयनमा पालना गर्नुपर्ने सामान्य सर्तहरु

१. सशर्त अनुदान तर्फका कार्यक्रममा उपलब्ध बजेट शिक्षा तथा मानव स्रोत विकास केन्द्रबाट प्रकाशित कार्यक्रम कार्यान्वयन पुस्तिका २०७७।७८ तथा राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम अन्तर्गतका क्रियाकलापहरुको कार्यान्वयन प्रक्रियामा उल्लिखित सर्त तथा मापदण्डअनुसार तोकिएकै कार्यक्रममा खर्च गर्ने ।

२. विद्यालयहरुले भौतिक पूर्वाधार निर्माणका कार्यहरु गर्नु परेमा सम्बन्धित वडाका प्राविधिकबाट लगत इष्टिमेट, प्राविधिक अनुगमन र कार्यसम्पन्न प्रतिवेदन गराई पेश गर्नु पर्नेछ ।

३. नगद, जिन्सी सामानको प्राप्ति, खर्च र बाँकी तथा कार्यक्रमको प्रगति विवरण अभिलेख आदि दुरुस्त राखी राख्ने ।

४. कार्यक्रमको भौतिक तथा आर्थिक प्रगति विवरण चौमासिक र वार्षिकरुपमा नगरपालिकाको सम्बन्धित वडा कार्यालय र नगरपालिकाको शिक्षा, युवा तथा खेलकुद शाखामा पेस गर्ने ।

५. प्रचलित सार्वजनिक खरीद ऐन तथा नियमावली, आर्थिक ऐन, र विद्यालय खरिद दिग्दर्शनलगायतका ऐन नियमले व्यवस्था गरेबमोजिम प्रक्रिया पूरा गरी खर्च गर्ने ।

६. खर्चको सामाजिक तथा आर्थिक लेखापरीक्षण गराउने ।

७. कार्यक्रम अन्तर्गत खर्च भएका रकमको अभिलेख व्यवस्थित तवरले राखी अनुगमन तथा नियमनकारी निकायले मागेको बखत उपलब्ध गराउने र अन्तिम फरफारकका लागि नगरपालिकामा पेश गर्ने ।

८. सबै कार्यक्रमहरु यस आर्थिक वर्ष २०७७।७८ भित्र सम्पन्न गरिसक्नु पर्नेछ ।

९. विस्तृत जानकारी र सम्बन्धित निर्देशिका तथा कार्यविधिका लागि नगरपालिकाको वेबसाइट www.chandragirimun.gov.np र शिक्षा तथा मानवस्रोत विकास केन्द्रको वेबसाइट www.doe.gov.np अथवा www.cehrd.gov.np हेर्ने ।

ख. विद्यालयले पालना गर्नुपर्ने कार्यक्रमगत सर्त तथा मापदण्डसम्बन्धी निर्देशन

चन्द्रागिरि नगरपालिकाबाट विभिन्न सार्वजनिक विद्यालयहरुमा उपलब्ध गराइने सशर्त अनुदानका कार्यक्रमहरुको कार्यान्वयन गर्दा विद्यालयहरुले शिक्षा तथा मानवस्रोत केन्द्रको कार्यक्रम कार्यान्वयन पुस्तिका २०७७।७८मा उल्लेखित पालना गर्नुपर्ने कार्यक्रमगत विशेष शर्तहरु तथा जानकारी देहायबमोजिम रहेका

चन्द्रागिरि नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बलम्बु, काठमाडौं
बागमती प्रदेश, नेपाल

छन् । कार्यक्रमगत विस्तृत जानकारीका लागि शिक्षा तथा मानवस्रोत विकास केन्द्र सानोठिमीको वेबसाइट www.doe.gov.np मा हेर्नु हुन अनुरोध गरिन्छ । विद्यालयमा कार्यक्रम र बजेट प्राप्त भएपछि विव्यस, शिक्षक अभिभावक संघ र शिक्षकहरुसमेतलाई अनिवार्यरुपमा अभिमुखीकरण गरी कार्ययोजना बनाई कार्य सम्पन्न गर्नु पर्नेछ ।

**(१) शिक्षकको तलब भत्ता**

विद्यालयले शिक्षकको दरबन्दी एकिन गरी अनुदानमा कार्यरत शिक्षक तथा प्रशिक्षकहरुका लागि हाजिरी र माग फाराम रुजु गरी नियमानुसार पाउने तलब र भत्ताको स्थानीय तहमा अनुदान माग गर्ने । यस क्रियाकलापमा देहायबमोजिमका शिक्षकहरुको तलब भत्ता समावेश गरिएको छः

(क) आधारभुत तह कक्षा १-५ (प्राथमिक तह) र कक्षा ६-८ (निम्नमाध्यमिक तह) मा कार्यरत शिक्षकहरुको तलब भत्ता (स्वीकृत दरबन्दीमा कार्यरत स्थायी तथा अस्थायी / करार र शिक्षण (राहत) अनुदान कोटामा कार्यरत शिक्षक)

(ख) माध्यमिक तहको कक्षा ९- १० मा कार्यरत शिक्षकहरु (माध्यमिक शिक्षक) को तलब भत्ता (स्वीकृत दरबन्दीमा कार्यरत स्थायी तथा अस्थायी / करार र शिक्षण (राहत) अनुदान कोटामा कार्यरत शिक्षक)

(ग) माध्यमिक तह (कक्षा ११-१२) दरबन्दी र अनुदानमा कार्यरत शिक्षकको तलब भत्ता

(घ) प्राविधिक धार अन्तरगत कक्षा ९- १२ एवम् कक्षा ११-१२ मा वरिष्ठ प्रशिक्षक/ प्रशिक्षक/सहायक प्रशिक्षक र अनुदानमा कार्यरत शिक्षकको तलब भत्ता

तलब भत्ताको रकम अन्य प्रयोजनका लागि खर्च लेख्न पाइने छैन । यस आव २०७७।७८ चैत्रमा दिइने पोसाक सुविधा आगामी शैक्षिक सत्र २०७८ मा विद्यालयमा अध्यापन गर्ने शिक्षकका लागि भएकाले दोहोरो नपर्ने गरी वितरण गर्नु पर्नेछ । विद्यालयले शिक्षक र कर्मचारीको तलब भत्ता बैंडक मार्फत भुक्तानी हुने व्यवस्था मिलाउनु पर्नेछ । यस शीर्षकमा उपलब्ध रकम नपुग भए वा बढी भए तुरुन्त स्थानीय तहमा जानकारी दिनु पर्नेछ ।

**(२) प्रारम्भिक बालविकास सहजकर्ताहरुको पारिश्रमिक तथा विद्यालय कर्मचारी व्यवस्थापन अनुदान**

**२.१ प्रारम्भिक बालविकास /पूर्व प्राथमिक कक्षाका सहजकर्ताहरुको पारिश्रमिकः** विद्यालय र विद्यालयसँग मातृ सम्बन्ध स्थापना गरी सञ्चालनमा रहेका प्रारम्भिक बालविकास केन्द्रका सहजकर्ताको पारिश्रमिक प्रति महिना रु. ६०००।- का दरले चाडपर्व खर्चसहित १३ महिनाको

हुन आउने रकमका लागि विद्यालयले प्रमाणित हाजिरी र सिफारिससहित माग फाराम स्थानीय तहमा पेश गर्नु पर्नेछ । साथै, सम्बन्धित विद्यालयले अनिवार्यरुपमा शैक्षिक तथ्याङ्क (IEMIS) भरेको हुनु पर्नेछ ।अन्यथा स्वयम् विद्यालय नै जवाफदेही हुनेछ ।

२.२ विद्यालय कर्मचारी व्यवस्थापन अनुदानः आधारभुत तथा माध्यमिक तह सञ्चालन भएका विद्यालयले आफ्नो विद्यालयमा अनुदानमा कार्यरत विद्यालय कर्मचारीको नामनामेसी हाजिरी खुलाई देहाय अनुसार अनुदान माग गर्नेः

आधारभुत विद्यालयः

क. कक्षा १- २ सम्म चलेका विद्यालयलाई १ जना विद्यालय सहयोगीका लागि वार्षिक एकमुष्ठ रु. २६,०००।- पारिश्रमिक अनुदान

ख. कक्षा १-३ सम्म चलेका विद्यालयलाई १ जना विद्यालय सहयोगीका लागि मासिक रु. ४,०००। का दरले १३ महिना बराबरको पारिश्रमिक अनुदान

ग. कक्षा १-५ सम्म चलेका विद्यालयलाई १ जना विद्यालय सहयोगीका लागि मासिक रु. ४,५००। का दरले १३ महिना बराबरको पारिश्रमिक अनुदान

घ. कक्षा १-८ सम्म चलेका विद्यालयलाई १ जना विद्यालय सहयोगीका लागि मासिक रु. ७,५००। का दरले १३ महिना बराबरको पारिश्रमिक अनुदान ।

माध्यमिक विद्यालयः

क. कक्षा १-१० वा कक्षा १-१२ सम्म चलेका माध्यमिक विद्यालयमा १ जना विद्यालय सहयोगीका लागि मासिक रु. ७,५००।- का दरले १३ महिना बराबरको पारिश्रमिक अनुदान उपलब्ध गराउने

ख. कक्षा १-१० वा कक्षा १-१२ सम्म चलेका माध्यमिक विद्यालयमा १ जना विद्यालय सहायक कर्मचारीका लागि मासिक रु. ११,५००।- का दरले १३ महिना बराबरको पारिश्रमिक अनुदान उपलब्ध गराउने ।

(३) प्रति विद्यार्थी लागतका आधारमा शिक्षण सिकाइ सामग्री

३.१ यस शीर्षकमा निम्नानुसारका उपक्रियाकलापको बजेट विद्यालयहरुमा अनुदान उपलब्ध गराइएको छ । विद्यालयले भरेको IEMIS मा भएको विद्यार्थी संख्यालाई आधारमा मानी प्रति विद्यार्थी लागत रकमले गुणन गरी विद्यालयगत रकम बाँडफाँट गरिएको छ ।जुन

उपक्रियाकलापका लागि बजेट उपलब्ध भएको हो सोही उपक्रियाकलापमा मात्र बजेट खर्च गर्नु पर्नेछ ।

३.२ उपक्रियाकलापगत बजेट विवरणः

| | |
|---|---|
| प्रति विद्यार्थी इकाइ लागतका आधारमा प्रारम्भिक बाल विकास/ पूर्व प्राथमिक कक्षाका लागि अनुदान | प्रति विद्यार्थी वार्षिक रु. ५००।- |
| सिकाइका लागि निरन्तर विद्यार्थी मूल्याङ्कनः कक्षा १ मा भर्ना भएका विद्यार्थीको पोर्टफोलियोसमेतको व्यवस्थापन अनुदान | प्रति विद्यार्थी वार्षिक रु. १००।- |
| शिक्षण सिकाइ सामग्री तथा बुक कर्नर व्यवस्थापनका लागि प्रति विद्यार्थी लागत अनुदान कक्षा १-५ | प्रति विद्यार्थी वार्षिक रु. १५०।- |
| शिक्षण सिकाइ सामग्रीका लागि प्रति विद्यार्थी लागत अनुदान कक्षा ६-८ | प्रति विद्यार्थी वार्षिक रु. २००।- |
| शिक्षण सिकाइ सामग्रीका लागि प्रति विद्यार्थी लागत अनुदान कक्षा ९-१० | प्रति विद्यार्थी वार्षिक रु. २००।- |
| शिक्षण सिकाइ सामग्री तथा Lab assistant, equipment and practical material, OJT, operation cost व्यवस्थापनका लागि प्रति विद्यार्थी लागत अनुदान कक्षा ९-१२ (प्राविधिक धार सञ्चालन भएका विद्यालयलाई) | प्रति विद्यार्थी वार्षिक रु. १५०००।- |
| शिक्षण सिकाइ सामग्री व्यवस्थापनका लागि प्रति विद्यार्थी लागत अनुदान कक्षा ११-१२ | प्रति विद्यार्थी वार्षिक रु. २५०।- |

३.३ शिक्षण सिकाइ सामग्री तथा बुक कर्नरः

शिक्षण सिकाइ सामग्री तथा बुक कर्नरका लागि उपलब्ध भएको रकमबाट विद्यालयले वि. व्य. स. को निर्णयबमोजिम विद्यालय सुधार योजना कार्यान्वयन, शैक्षिक सामग्री व्यवस्थापन, विद्यालय शिक्षाको गुणस्तर सुधार, सामान्य मर्मत सम्भार, बुक कर्नर तथा सिकाइ सामग्री लगायतका क्षेत्रमा मात्र खर्च गर्नु पर्नेछ ।

३.४ प्रारम्भिक बाल विकास/ पूर्व प्राथमिक कक्षाका लागि अनुदानः

प्रारम्भिक बाल शिक्षाका लागि प्रति विद्यार्थी रु. ५००।- लागतको उपलब्ध गराएको अनुदानबाट शैक्षिक सामग्री, बालमैत्री कक्षा व्यवस्थापन गर्नका लागि सहजकर्ताको सुझाव लिई

प्रारम्भिक बाल शिक्षाको राष्ट्रिय न्यूनतम मापदण्डमा उल्लेख भएका सिकाइ सामग्रीहरु जस्तैः ब्लक, पुतली, नरम खेलौना, नरम बल, रिङ, पजल, आदि खरिद गर्ने ।

३.५ सिकाइका लागि निरन्तर विद्यार्थी मूल्याङ्कनः

निरन्तर विद्यार्थी मूल्याङ्कनका लागि प्रति विद्यार्थी रु. १००।- लागत अनुदानको रकमबाट कक्षा १ मा भर्ना भएका प्रत्येक विद्यार्थीको पोर्टफोलियो तयार गर्ने, कक्षा २ देखि ७ सम्मका अन्य विद्यार्थीहरुका हकमा यस अघिदेखि नै पोर्टफोलियो तयार गर्न रकम प्राप्त भई सकेकाले तयार भएको पोर्टफोलियोलाई नै अद्यावधिक गरी निरन्तर उपयोग गर्ने, कक्षा १-७ का विद्यार्थीको व्यक्तिगत सिकाइ योजना निर्माण र कार्यान्वयन गर्ने । तोकिएका सिकाइ उपलब्धि र विद्यार्थीको व्यक्तिगत सिकाइ योजना अनुसार सिकाइ सुनिश्चितता गर्न सिकाइ लेखाजोखा र उपचारात्मक शिक्षण गर्ने । विद्यार्थीको फाइलमा आवश्यकता अनुसार विद्यार्थीका सिर्जनात्मक कार्य, परियोजना कार्य, व्यवहार परिवर्तन, कक्षा सहभागिता, हाजिरी जस्ता विभिन्न अभिलेखसमेत राखी तिनिहरुको आधारमा मूल्याङ्कन गर्ने परिपाटी बसाउनु पर्ने र उक्त फायल माथिल्लो कक्षामासमेत उपयोग गर्ने ।

३.६ शिक्षण सिकाइ सामग्री तथा Lab assistant, equipment and practical material व्यवस्थापनका लागि प्राविधिक धार पढाइ हुने विद्यालयमा प्रति विद्यार्थी रु. १५०००।- लागत अनुदान कक्षा ९-१२ः

प्राविधिक धार सञ्चालित माध्यमिक विद्यालयहरुलाई उपलब्ध यस शीर्षकको बजेट शिक्षण सिकाइ सामग्री तथा Lab assistant, equipment and practical material व्यवस्थापनका लागि प्रति विद्यार्थी लागत अनुदान कक्षा ९-१२ को रकमबाट शिक्षण सिकाइ सामग्री, ल्याव असिस्टेन्टका लागि पारिश्रमिक, उपकरण तथा प्रयोगात्मक सामग्रीहरु व्यवस्थापन तथा व्यवहारिक अभ्यासका लागि खर्च गर्ने । यस शीर्षकमा प्राप्त रकम निम्नानुसार उपयोग गर्नेः

क. प्राथमिक तह तृतीय श्रेणीका शिक्षक सरहको १ जना ल्याव असिष्टेन्टका लागि पारिश्रमिकको व्यवस्था गर्ने ।

ख. प्राविधिक धार अन्तरगत अध्ययनरत विद्यार्थीले तोकिएको कक्षामा व्यवहारिक अभ्यास गर्न व्यवहारिक अभ्यास कार्यान्वयन निर्देशिका २०७३, प्राविधिक तथा व्यवसायिक माध्यमिक शिक्षामा गरिएको दुवै ढाँचा अर्थात् कक्षा १० पछि ३ महिना, कक्षा ११ पछि ३ महिना, कक्षा १२ पछि ६ महिनाको व्यवहारिक अभ्यास वा कक्षा १२ पछि १२ महिनाको व्यवहारिक अभ्यास गर्ने । यसको व्यवस्थापन तपसिल अनुसार गर्नेः

१. **विद्यार्थी निर्वाह खर्चः** प्रति महिना १ हजारका दरले हुन आउने रकम विद्यार्थीलाई विद्यालयमार्फत रकम उपलब्ध गराउने ।

२. **आन्तरिक अनुगमन सहजीकरणः** सम्बन्धित विद्यालयका प्रशिक्षकहरुबाट गर्ने व्यवस्था मिलाउने । सहजीकरण बढीमा ३ महिनाका लागि १ पटक, ६ महिनाका लागि ३ पटक गर्ने । अनुगमनमा खटिने प्रशिक्षकलाई माध्यमिक शिक्षक तृतीय श्रेणीले पाउने नियमानुसारको दैनिक भ्रमण भत्ता उपलब्ध गराउने ।

३. **वाह्य अनुगमन मूल्याङ्कनः** वाह्य अनुगमन गर्दा व्यवहारिक अभ्यासका लागि निर्धारित ढाँचा अनुसार वर्षमा एकपटक गर्ने । यसका लागि अनुगमन मूल्याङ्कन निर्देशिकामा उल्लेख भएको आधार लिई जिल्लाभित्रकै रोष्टर प्रशिक्षकलाई परीक्षा बोर्डले तोक्ने छ । अनुगमनमा खटिने प्रशिक्षकलाई माध्यमिक शिक्षक तृतीय श्रेणीले पाउने नियमानुसारको दैनिक भ्रमण भत्ता विद्यालयले प्राप्त रकमबाट उपलब्ध गराउनु पर्नेछ ।

ग. बचत रकमबाट ल्यावमा प्रयोग हुने दैनिक सामग्री एवम् शिक्षण सिकाइ सामग्री व्यवस्थापन गर्ने ।

(४) सार्वजनिक विद्यालयका विद्यार्थीका लागि निःशुल्क पाठ्यपुस्तक अनुदान

४.१ कक्षा १ देखि १० सम्मको विद्यार्थीका लागि निःशुल्क पाठ्यपुस्तकः

कक्षा १ देखि १० सम्मको विद्यार्थीका लागि यस शीर्षकमा सामुदायिक विद्यालय, अनौपचारिक प्रौढ विद्यालय र परम्परागत विद्यालयले भरेको IEMIS को कक्षा १ देखि १० सम्मको विद्यार्थी संख्याको आधारमा पाठ्यक्रम विकास केन्द्रले तोकेको कक्षागत पाठ्यपुस्तक मूल्यसूचीअनुसार पहिलो पटक विद्यार्थी संख्याको ७५ प्रतिशत संख्यालाई मात्र अनुदान प्रदान गरिएको छ । विद्यालयले आवश्यक नयाँ पाठ्यपुस्तकको कक्षागत र विषयगत एकिन विवरण स्थानीय तहमा समयमा नै उपलब्ध गराउने र स्थानीय तहबाट उपलब्ध रकमबाट शैक्षिक सत्रको शुरुमै पाठ्यपुस्तक खरिद गरी विद्यार्थी भर्नासँगै सेटमा नै पाठ्यपुस्तक उपलब्ध गराउने । नयाँ शैक्षिक सत्रको विद्यार्थी भर्ना हुँदा नपुग हुने पाठ्यपुस्तकका लागि खरिद गरेको रसिद र पाठ्यपुस्तक बुझेको विद्यार्थीको भरपाइ सम्लग्न गरी नपुग हुने रकमका लागि नगरपालिकामा थप निकासा रकम माग गर्ने ।

४.२ कक्षा ११-१२ मा अध्ययनरत विद्यार्थीहरुका लागि पापुः

कक्षा ११-१२ मा अध्ययनरत विद्यार्थीहरुका लागि पुस्तकालयबाट नै पाठ्यपुस्तक लैजाने ल्याउने गरी व्यवस्थापन गर्न प्रति विद्यालय वार्षिक रु. ५०,०००।- का दरले विद्यालयलाई एकमुष्ठ रकम अनुदान उपलब्ध गराइएको छ । उक्त अनुदान रकमबाट विद्यालयले पाठ्यपुस्तक खरिद गरी पुस्तकालयमा राख्ने र पुस्तकालय कार्डको व्यवस्था गरी विद्यार्थीहरूले पुस्तकालयबाट पाठ्यपुस्तक लैजाने र अनिवार्यरुपमा ल्याउने व्यवस्था मिलाउने ।

**४.३ पापु खरिद गर्दा ध्यानदिनुपर्ने कुराः**

पाठ्यक्रम विकास केन्द्रले स्वीकृत गरेको भन्दा अन्य पा.पु. खरिद गरेमा, समयमा पापु खरिद नगरेमा, पुराना पापु प्रयोग गरी निःशुल्क पापुको रकम अन्य शीर्षकमा खर्च गरेमा, अनुमति प्राप्त नगरेको संस्थाबाट छपाइ भएको पापु खरिद गरी प्रयोग गरेमा कानूनबमोजिम कारवाही हुनेछ ।

## (५) सार्वजनिक विद्यालयमा अध्ययनरत विद्यार्थीका लागि छात्रवृत्ति अनुदान

यस शीर्षकमा सामुदायिक विद्यालय र परम्परागत विद्यालयको आधारभुत तहमा अध्ययनरत छात्रा, दलित र लक्षित समुहका विद्यार्थीका लागि वार्षिक रुपमा प्रदान गरिने छात्रवृत्तिको अनुदान रकम उपलब्ध गराइएको छ । यसका लागि विद्यालयले भरेको IEMIS बाट प्राप्त तथ्याङ्कको आधारमा विद्यार्थी संख्या र छात्रवृति रकम गणना गरिएको छ । यो रकम विद्यालय व्यवस्थापन समिति तथा अभिभावक र शिक्षकको सहभागितामा विद्यालयको अन्य छात्रवृति कार्यक्रमसँग समन्वय गरी वार्षिकरुपमा एक समारोहको आयोजना गरी प्राप्त रकमलाई सम्बन्धित शीर्षकमा नै खर्च हुने गरी विद्यार्थीलाई छात्रवृति उपलब्ध गराउनु पर्नेछ । विद्यार्थीबाट अनिवार्यरुपमा छात्रवृति बुझेको भरपाइ गराई अभिलेखीकरण गर्नु पर्नेछ ।

५.१ विद्यालयहरुलाई तपसिल अनुसार छात्रवृति रकम उपलब्ध गराइएको छः

| छात्रवृति | दर |
|---|---|
| छात्रा छात्रवृति कक्षा १-८ | प्रति विद्यार्थी वार्षिक रु. ४००।- का दरले । |
| दलित छात्रवृति कक्षा १-८ | प्रति विद्यार्थी वार्षिक रु. ४००।- का दरले । |

नगर प्रमुख

चन्द्रागिरि नगरपालिका नगर कार्यपालिकाको कार्यालय बलम्बु, काठमाडौं बागमती प्रदेश, नेपाल

| | |
|---|---|
| कक्षा १-८ मा अध्ययनरत लक्षित समुह- २२ जनजाति तथा सीमान्तकृत समूह, मुक्त कमैया, वादी, हलिया, चरुवाका सन्ततिसमेतका विद्यार्थीका लागि | प्रति विद्यार्थी वार्षिक रु. ५००।- का दरले । |

५.२ विद्यार्थीलाई छात्रवृति उपलब्ध गराउँदा कुनै पनि छात्रवृति दोहोरो नपर्ने गरी उपलब्ध गराउनु पर्नेछ ।

५.३ अपाङ्ग छात्रवृति (कक्षा १-१२): सामुदायिक तथा परम्परागत विद्यालयले विद्यार्थीको अपाङगताको प्रकार र तहको परिचय पत्र सम्लग्न राखी अपाङ्ग विद्यार्थीको नाम नामेसी विवरण स्थानीय तहमा पेश गर्ने । स्थानीय तहले विद्यार्थीको अपाङ्गताको प्रकार र तह हेरी विद्यालयलाई छात्रवृति रकम उपलब्ध गराउने छ। रकम प्राप्त भएपछि विद्यालयले व्यवस्थापन समितिको थप आधारसमेत लिई शिक्षक, शिक्षक अभिभावक संघ र अभिभावकसमेतको सहभागितामा विद्यार्थीलाई छात्रवृति वितरण गरी सो को विवरण सूचना पाटीमा टाँस गर्ने ।

(६) विद्यालय सञ्चालन तथा व्यवस्थापन अनुदान

६.१ यस शीर्षकमा तपसिलका कार्यक्रमका लागि बजेट बाँडफाँट गरी अनुदान रकम उपलब्ध गराइएको छ । यी सबै कार्यक्रमको कार्ययोजना बनाई विद्यालय व्यवस्थापन समितिबाट स्वीकृत गराउनु पर्नेछ ।

| कार्यक्रम | दर |
|---|---|
| सञ्चालन तथा व्यवस्थापन अनुदान कक्षा १-५ | प्रति विद्यालय वार्षिक १५ हजार |
| सञ्चालन तथा व्यवस्थापन अनुदान कक्षा १-८ | प्रति विद्यालय वार्षिक २० हजार |
| सञ्चालन तथा व्यवस्थापन अनुदान कक्षा १-१० | प्रति विद्यालय वार्षिक २५ हजार |
| सञ्चालन तथा व्यवस्थापन अनुदान कक्षा १-१२ | प्रति विद्यालय वार्षिक ३० हजार |
| आधारभुत तह सञ्चालित विद्यालयहरुलाई विद्यालय सुधार योजना, समुदाय तथा विव्यसहरुको क्षमता विकास लागि अन्तरक्रिया, अभिभावक शिक्षा सञ्चालन, अतिरिक्त क्रियाकलाप सञ्चालन जस्ता कार्यक्रम सञ्चालन जस्ता कार्यक्रमका लागि एकमुष्ठ अनुदान | प्रति विद्यालय वार्षिक १५ हजार |

चन्द्रागिरि नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बलम्बु, काठमाडौं
बागमती प्रदेश, नेपाल

| | |
|---|---|
| आधारभुत तह सञ्चालित विद्यालयहरुलाई सामाजिक परीक्षण तथा आर्थिक लेखा परीक्षण, विद्यार्थी रिपोर्ट कार्ड, विद्यालय तथ्याङ्क व्यवस्थापन, बुलेटिन प्रकासन लगायतका क्रियाकलाप सञ्चालनका लागि एकमुष्ठ अनुदान | प्रति विद्यालय वार्षिक १० हजार |
| माध्यमिक तह सञ्चालित विद्यालयहरुलाई विद्यालय सुधार योजना, समुदाय तथा विव्यसहरुको क्षमता विकास लागि अन्तरक्रिया, अभिभावक शिक्षा सञ्चालन, अतिरिक्त क्रियाकलाप सञ्चालन जस्ता कार्यक्रमका सञ्चालन जस्ता कार्यक्रमका लागि एकमुष्ठ अनुदान | प्रति विद्यालय वार्षिक २० हजार |
| माध्यमिक तह सञ्चालित विद्यालयहरुलाई सामाजिक परीक्षण तथा आर्थिक लेखा परीक्षण, विद्यार्थी रिपोर्ट कार्ड, विद्यालय तथ्याङ्क व्यवस्थापन, बुलेटिन प्रकासन लगायतका क्रियाकलाप सञ्चालनका लागि एकमुष्ठ अनुदान | प्रति विद्यालय वार्षिक १५ हजार |
| माध्यमिक तहमा इन्टरनेट जडान तथा सञ्चालन | प्रति विद्यालय वार्षिक १२ हजार |
| प्राविधिक विषय अध्यापन हुने विद्यालयलाई ल्याव सामग्री सहयोग अनुदान | प्रति विद्यालय वार्षिक २ लाख |

६.२ विद्यालय सञ्चालन तथा व्यवस्थापनः

यस उपक्रियाकलापमा विनियोजन भएको रकमबाट विद्यालयलले विद्यालयका लागि आवश्यक मसलन्द, IEMIS को तयारी तथा प्रयोग गर्ने, गराउने । यस रकमबाट गरिने कार्यहरुको कार्य योजना विव्यसबाट स्वीकृत गराई कार्यान्वयन र खर्च गर्ने व्यवस्था मिलाउने ।

**६.३ प्राविधिक विषय अध्यापन हुने विद्यालयलाई ल्याव सामग्री सहयोग अनुदानः**

यस अनुदानको रकमबाट प्राविधिक धारका विषय अध्यापन हुने विद्यालयले प्रयोगशाला स्तरोन्नती र सञ्चालन गर्न खर्च गर्ने ।

**(ञ) शैक्षिक पहुँच सुनिश्चितता, अनौपचारिक तथा वैकल्पिक शिक्षा कार्यक्रम**

नगर प्रमुख

यस शीर्षकमा परम्परागत विद्यालय र अनौपचारिक प्रौढ विद्यालय व्यवस्थापन तथा सञ्चालनका लागि वार्षिक एकमुष्ट रकम अनुदानका रुपमा उपलब्ध गराइएको छ । यो रकम प्राप्त भएपछि विद्यालय व्यवस्थापन समितिको बैठक राखी यस रकमबाट सम्पादन गरिने कार्यहरुको (जस्तैः सहजकर्ता तथा शिक्षकको पारिश्रमिक, अन्य जनशक्तिको पारिश्रमिक, लघु पुस्तकालय, शैक्षिक सामग्री र व्यवस्थापकीय क्षेत्र) कार्य योजना बनाई सम्बन्धित शीर्षकमा कार्यक्रम सञ्चालन र खर्च गर्ने ।

**७.१ यस कार्यक्रमका लागि तपसिल अनुसार अनुदान रकम उपलब्ध हुनेछः**

| कार्यक्रम | दर |
|---|---|
| परम्परागत विद्यालय | कक्षा १-५ सञ्चालित विद्यालयका लागि वार्षिक एकमुष्ट २ लाख ४१ हजार<br>कक्षा १-८ सञ्चालित विद्यालयका लागि वार्षिक एकमुष्ट ५ लाख<br>कक्षा १-१० सञ्चालित विद्यालयका लागि वार्षिक एकमुष्ट ७ लाख १५ हजार |
| अनौपचारिक प्रौढ विद्यालय (महिला गृहिणी विद्यालय) | कक्षा १-५ सञ्चालित विद्यालयका लागि वार्षिक एकमुष्ट २ लाख ४१ हजार<br>कक्षा १-८ सञ्चालित विद्यालयका लागि वार्षिक एकमुष्ट ५ लाख<br>कक्षा १-१० सञ्चालित विद्यालयका लागि वार्षिक एकमुष्ट ७ लाख १५ हजार |

## (८) विद्यालय भौतिक पूर्वाधार निर्माण अनुदान

यस शीर्षकको अनुदान रहेका विद्यालयले भौतिक पूर्वाधार निर्माण कार्य नेपाल राष्ट्रिय भवन संहिता, २०६० मा भएको व्यवस्था अनुसार भुकम्प प्रतिरोधी, अपाङ्ग मैत्री, बाल मैत्री, छात्रा मैत्री एवम् वातावरण मैत्री भौतिक पूर्वाधार निर्माण गर्नुपर्नेछ । विद्यालय भौतिक सुधार सम्बन्धी कार्य गर्दा वातावरणीय र सामाजिक पक्षलाई आधार मानी कार्य सम्पादन गर्ने । Social/Environment Framework ले तोकेका वातावरणीय र सामाजिक पक्षहरुलाई ध्यान दिई कार्यान्वयन गर्ने । यससम्बन्धी चेकलिष्ट शिक्षा तथा मानवस्रोत केन्द्रको कार्यक्रम कार्यान्वयन पुस्तिका २०७७।७८ मा दिइएको छ । भौतिक निर्माणका कार्यहरुको सुपरीवेक्षण र अन्य प्राविधिक सहयोगत स्थानीय तहका प्राविधिकबाट गराउने ।

चन्द्रागिरि नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बलम्बु, काठमाडौं
बागमती प्रदेश, नेपाल

**८.१ यस कार्यक्रमका लागि स्वीकृत बजेटको बाँडफाँट निम्न अनुसार गरिएको छः**

| कार्यक्रम | इकाइ दर |
|---|---|
| नमूना विद्यालय सुधार गुरुयोजना अनुरुप भौतिक निर्माण अनुदान | प्रति विद्यालय १ करोड |
| WASA सुविधा भएको शौचालय निर्माण अनुदान | प्रति विद्यालय ७ लाख |

**८.२ नमूना विद्यालय सुधार गुरुयोजना अनुरुप भौतिक निर्माण अनुदानः**

नमूना विद्यालयले यो कार्यक्रम सञ्चालन गर्नु अघि स्थानीय तहसँग सम्झौता गर्ने । स्थानीय तहले सम्झौता उल्लेख गरी पहिलो पटक ५०% र बाँकी रकम कार्य प्रगतिका आधारमा उपलब्ध गराउने । गत आवका वर्षमा प्राप्त गरेको बजेटबाट स्वीकृत गुरुयोजनाको परिधिभित्र रही न्यूनतम पूर्वाधारहरुको प्राथमिकता निर्धारण गरी आइसिटी ल्याव, विज्ञान प्रयोगशाला, पुस्तकालय व्यवस्थापन जस्ता पुँजीगत निर्माण र सुधारका क्षेत्रमा खर्च गर्ने । गत आर्थिक वर्षबाट भौतिक पूर्वाधार निर्माणाधिन रहेको विद्यालयहरुको स्वीकृत गुरुयोजनाले तोकेको क्षेत्रमा विद्यालय भौतिक निर्माण कार्यमा खर्च गर्ने प्रयोजनका लागि यस आर्थिक वर्षमा प्रति विद्यालय १ करोड रकम उपलब्ध गराइएको छ । विद्यालयले भौतिक निर्माण कार्य गर्दा सार्वजनिक खरिद ऐन तथा सार्वजनिक खरिद नियमावली र विद्यालय खरिद दिग्दर्शनभित्र रही निर्माण कार्य सञ्चालन गर्ने । स्थानीय तह र शिक्षा विकास तथा समन्वय इकाइले भौतिक निर्माण तथा शैक्षिक विकासको नियमित अनुगमन गरी सोको प्रतिवेदन शिक्षा तथा मानवस्रोत विकास केन्द्रमा पठाउने ।

**८.३ WASA सुविधा भएको शौचालय निर्माण अनुदानः**

छनोट भएका विद्यालयले स्थानीय तहसँग सम्झौता गर्ने । शौचालय निर्माण गर्दा छात्राछात्रलाई छुट्टाछुट्टै गराउनु पर्नेछ वा प्रवेशद्वार विपरित दिशामा राख्नु पर्नेछ । शौचालयको सरसफाइका लागि प्रशस्त पानीको व्यवस्था गर्ने । विद्यालयमा छात्रा शौचालय प्रयोग गर्दा प्रयोग भैसकेको स्यानिटरी प्याडलाई इन्सिनेरेटरको प्रयोग गरी नष्ट गर्नेसहितको व्यवस्था गर्ने र changing room समेत बनाउनु पर्नेछ। ट्युबवेल गाड्दा जडान गर्दा सेप्टिक ट्याङ्क तथा सोकपिटबाट कम्तीमा पनि ३० मीटर टाढा गाड्नु पर्नेछ । शौचालयको ड्रइङ डिजाइन शिक्षा तथा मानवस्रोत विकास केन्द्रबाट स्वीकृत भए अनुसारका आधारमा निर्माण गर्ने ।

**(९) तोकिएका विद्यार्थीको दिवा खाजाका लागि विद्यालयलाई अनुदानः**



नगर प्रमुख

चन्द्रागिरि नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बलम्बु, काठमाडौं
बागमती प्रदेश, नेपाल

यो दिवा खाजा कार्यक्रम अन्तरगत प्रारम्भिक बाल विकास कक्षा देखि कक्षा ५ सम्म अध्ययनरत बाल बालिकाहरुका लागि दिवा खाजा उपलब्ध गराउन प्रति विद्यार्थी दैनिक रु १५ का दरले बढीमा १८० दिनका लागि विद्यालयलाई रकम उपलब्ध गराइनेछ । रकम माग गर्न विद्यालयले विद्यार्थी दैनिक हाजिरी पुस्तिका परीक्षामा सामेल भएको दिन समेतको प्रतिलिपि विद्यालयका प्रधानाध्यापक र विव्यस अध्यक्षबाट प्रमाणित गराई स्थानीय तहमा पेश गर्नु पर्नेछ । दिवा खाजाको मापदण्ड, गुणस्तर र व्यवस्थापन शिक्षा तथा मानवस्रोत विकास केन्द्रको कार्यक्रम कार्यान्वयन पुस्तिका २०७७।७८ को अनुसूची ४ तथा सामुदायिक विद्यालयमा दिवा खाजा मापदण्ड तथा कार्यक्रम सहजीकरण पुस्तिका बमोजिम कायम गर्नु पर्नेछ ।

(१०) विद्यालयमा शैक्षिक गुणस्तर सुदृढीकरण एवम् कार्य सम्पादनमा आधारित प्रोत्साहन अनुदानः

यस क्रियाकलापमा निम्न अनुसारका उपक्रियाकलापहरु रहेका छन् ।

| कार्यक्रम | दर |
|---|---|
| तोकिएको सूचाङ्कका आधारमा कार्य सम्पादन गर्ने विद्यालयलाई कार्य सम्पादनमा आधारित अनुदान (Performance based grants) | प्रति विद्यालय बार्षिक रु ५० हजार । |
| उत्कृष्ट सिकाइ उपलब्धी भएका विद्यालयलाई सिकाइ सुदृढीकरणका लागि प्रोत्साहन अनुदान | प्रति विद्यालय बार्षिक रु २ लाख । |
| शिक्षकको शिक्षण सिकाइमा बिताउने समयावधि सुधार योजना कार्यान्वयनका लागि विद्यालयलाई अनुदान | प्रति विद्यालय बार्षिक रु २ हजार । |
| माध्यमिक विद्यालयमा पुस्तकालय स्थापना तथा व्यवस्थापन (फिक्सिङ, किताब खरिद, तथा इ पुस्तकालयसमेत) | प्रति विद्यालय रु ६ लाख ५० हजार । |
| शिक्षण सिकाइमा ICT को प्रयोग (कम्प्युटर, इन्टरनेट, कनेक्टिभिटी इक्युपमेन्टस तथा Kits खरिद) का लागि अनुदान | प्रति विद्यालय ६ लाख ५० हजार । |
| माध्यमिक विद्यालयमा विज्ञान प्रयोगशाला अनुदान | प्रति विद्यालय ६ लाख ५० हजार । |



नगर प्रमुख

चन्द्रागिरि नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बलम्बु, काठमाडौं
बागमती प्रदेश, नेपाल

| | |
|---|---|
| गणित, विज्ञान र अङ्ग्रेजी विषयका लागि क्रियाकलापमा आधारित सामग्री Kits अनुदान | प्रति विद्यालय बार्षिक रु ५० हजार । |
| नमूना विद्यालयमा सेवा अनुबन्धका आधारमा नियुक्त हुने प्रअ र शिक्षकका लागि विद्यालय मार्फत् प्रोत्साहन अनुदान | प्रति विद्यालय रु २ लाख |
| नमूना विद्यालयको शैक्षिक तथा व्यवस्थापकीय योजना कार्यान्वयन अनुदान | प्रति विद्यालय रु ५० लाख । |

कार्यान्वयन विधि तथा सर्तहरुः

तोकिएको सुचाङ्कको आधारमा कार्य सम्पादन सम्पन्न गर्ने विद्यालयलाई कार्यसम्पादनमा आधारित
१०.१. तोकिएको सुचाङ्कको आधारमा कार्य सम्पादन सम्पन्न गर्ने ... सम्बन्धी कार्यविधि लागू गरेको सुनिश्चित गर्ने । विद्यालय
अनुदानः विद्यालयले शिक्षण सिकाइ समयमापन सम्बन्धी कार्यविधि लागू गरेको सुनिश्चित गर्ने । विद्यालय अनुदान व्यवस्थापन निर्देशिका २०७४ मा उल्लेखित कार्य सम्पादन मूल्याङ्कन सूचकका आधारमा विद्यालयले स्थानीय तहमा प्रस्ताव पेश गर्ने । छनोटमा परेका विद्यालयले विव्यसको निर्णय अनुसार शैक्षिक गुणस्तर सुधारका क्षेत्र पहिचान गरी खर्च गर्ने ।

१०.२. उत्कृष्ट सिकाइ उपलब्धि भएका विद्यालयलाई सिकाइ सुदृढीकरण तथा विद्यालयलाई कार्यसम्पादनमा आधारित अनुदानः विद्यालयहरुले कक्षा ८, कक्षा १० र कक्षा १२ को परीक्षा नतिजा, शिक्षक उपस्थिति, विद्यार्थी संख्या, सिकाइ उपलब्धि, विद्यार्थी कक्षा छोड्ने र दोहोऱ्याउने दर र विद्यालय बाहिरका बालबालिकाको अवस्था जस्ता विवरणसहित अनुदानका लागि प्रस्ताव पेश गर्ने । छनोट भएको विद्यालयले न्यून सिकाइ उपलब्धि भएका विद्यालयहरुलाई अनुभव आदान प्रदान गर्ने र आफ्नो विद्यालयको सिकाइ सुदृढीकरणका लागि स्थानीय तहबाट कार्ययोजना स्वीकृत गराई खर्च गर्ने। विद्यालयले अनुभव आदान प्रदान गरिएका विद्यालयको अद्यावधिक प्रगति प्रतिवेदन नियमितरुपमा स्थानीय तहमा पेश गर्ने ।

१०.३. शिक्षकको शिक्षण सिकाइमा बिताउने समयावधि सुधार योजना कार्यान्वयनका लागि विद्यालयलाई अनुदानः विद्यालयले विव्यसबाट शिक्षण सिकाइ समय मापन कार्यान्वयन कार्यविधि २०७४ लागू गर्ने निर्णय गर्ने । यस शीर्षकमा प्राप्त रकम शिक्षक विद्यार्थी नियमितता मार्फत् शिक्षण सिकाइ समयलाई अधिकतम उपयोग गरी प्रभावकारी शिक्षण सिकाइ क्रियाकलापमा शिक्षकहरुको जवाफदेहिता तथा विद्यार्थी सिकाइ उपलब्धि अभिवृद्धिमा सहजीकरण गर्ने गरी व्यवस्थापकीय क्षेत्रमा खर्च गर्ने ।

चन्द्रागिरि नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बलम्बु, काठमाडौं
बागमती प्रदेश, नेपाल

**१०.४. माध्यमिक विद्यालयमा पुस्तकालय स्थापना तथा व्यवस्थापन (फिक्सिङ, किताब खरिद, तथा इ पुस्तकालयसमेत):** विद्यालयले यस भन्दा अघि यस शीर्षकमा कुनै निकायबाट अनुदान रकम नलिएको र पुस्तकालयका लागि आवश्यक पर्ने फर्निचर र कोठा उपलब्ध गराउने प्रतिबद्धता विव्यसबाट निर्णय गरी प्रस्ताव पेश गर्ने । छनोट भएको विद्यालय र स्थानीय तहबीच कार्यक्रम कार्यान्वयनका लागि सम्झौता गर्ने । प्राप्त अनुदानबाट विद्यालयले विव्यसको निर्णय गरी सार्वजनिक खरिद ऐन तथा नियमावली अनुसार विद्यार्थीको पठनपाठनसँग सम्बन्धित र सान्दर्भिक पुस्तक तथा सामग्री खरिद गर्ने । कार्यक्रम कार्यान्वयनको स्थानीय तहबाट अनुगमन गराई स्थानीय तहमा प्रगति प्रतिवेदन तथा कार्य सम्पन्न प्रतिवेदन पेश गर्ने ।

**१०.५. शिक्षण सिकाइमा ICT को प्रयोग (कम्प्युटर, इन्टरनेट, कनेक्टिभिटी इक्युपमेन्टस तथा Kits खरिद) का लागि अनुदानः** विद्यालयहरुले इन्टरनेटको पहुँच, विद्युतको नियमित आपूर्ति, माध्यमिक तहमा अङ्ग्रेजी गणित विज्ञान विषय पढाइरहेको, यस अघि उक्त कार्यक्रममा कुनै निकायबाट अनुदान प्राप्त नगरेको, ICT को माध्यमबाट शिक्षण गर्न सक्ने जनशक्ति र तत्परता खुलेको, आवश्यक पर्ने फर्निचर र कोठा उपलब्ध विद्यालयबाट हुने व्यहोरा खुलेको विव्यसको निर्णयसहित प्रस्ताव पेश गर्ने । छनोट भएको विद्यालय र स्थानीय तहबीच कार्यक्रम कार्यान्वयनका लागि सम्झौता गर्ने । सम्झौता भएका विद्यालयले नमूना माध्यमिक विद्यालय व्यवस्थापन निर्देशिका २०७४ को सम्बन्धित खण्ड र अनुसूचीमा भएका आधार तथा स्पेशीफिकेसनको परिधिभित्र रहेर सार्वजनिक खरिद ऐन तथा नियमावली तथा विद्यालय खरिद दिग्दर्शन अनुसारका प्रक्रिया पूरा गरी गणित अङ्ग्रेजी र विज्ञान विषयका किटस् र नेटवर्किङ, कम्प्युटर, सफ्टवेयर, विद्युतीय अन्तर्क्रियात्मक श्रव्यदृश्य सिकाइ सामग्री व्यवस्थापन सुनिश्चित गर्ने । नियमित रुपमा प्रगति प्रतिवेदन पेश गरी स्थानीय तहबाट अनुगमन गराई कार्य सम्पन्न प्रतिवेदन पेश गर्ने ।

**१०.६. माध्यमिक विद्यालयमा विज्ञान प्रयोगशाला अनुदानः** विद्यालयहरुले विद्युतको नियमित आपूर्ति, पानीको उपलब्धता, माध्यमिक तहमा अङ्ग्रेजी गणित विज्ञान विषय पढाइरहेको, यस अघि उक्त शीर्षकमा कुनै निकायबाट अनुदान प्राप्त नगरेको, आवश्यक पर्ने फर्निचर र कोठा उपलब्ध विद्यालयबाट हुने व्यहोरा खुलेको विव्यसको निर्णयसहित प्रस्ताव पेश गर्ने । छनोट भएका विद्यालय र स्थानीय तहबीच सम्झौता गर्ने । खरिद प्रक्रियामा सार्वजनिक खरिद ऐन तथा नियमावली तथा विद्यालय खरिद दिग्दर्शन अनुसार कार्य गर्ने । नमूना विद्यालय व्यवस्थापन निर्देशिका २०७४ को सम्बन्धित खण्ड र अनुसूचीमा उल्लेखित मापदण्डका आधारमा विज्ञान प्रयोगशाला स्थापना गर्ने । कार्यान्वयनको नियमित रुपमा प्रगति प्रतिवेदन पेश गरी स्थानीय तहबाट अनुगमन गराई कार्य सम्पन्न प्रतिवेदन पेश गर्ने ।

नगर प्रमुख

चन्द्रागिरि नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बलम्बु, काठमाडौं
बागमती प्रदेश, नेपाल

**१०.७. गणित, विज्ञान र अङ्ग्रेजी विषयका लागि क्रियाकलापमा आधारित सामग्री (Kits) अनुदानः** छनोट भएका विद्यालयहरुले विव्यसको निर्णय गरी पाठ्यक्रम विकास केन्द्रबाट विकास एवम् स्वीकृत भएका गणित, विज्ञान र अङ्ग्रेजी विषयका सामग्री व्यवस्था गरी शिक्षण सिकाइ क्रियाकलापमा प्रयोग गर्ने । स्थानीय तहबाट उक्त कार्यक्रम कार्यन्वयनको अनुगमन हुनेछ ।

**१०.८. नमूना विद्यालयमा सेवा अनुबन्धका आधारमा नियुक्त हुने प्रअ र शिक्षकका लागि विद्यालय मार्फत् प्रोत्साहन अनुदानः** कार्यक्रम कार्यान्वयन पुस्तिका २०७७।७८ को अनुसूची १४ मा उल्लेखित आधारमा विद्यालयका प्रअसँग स्थानीय तहले र प्रअले माध्यमिक तहका कम्तिमा ३ जना विषय शिक्षकसँग कार्यसम्पादन करार सम्झौता गर्ने । विद्यालयले करार सम्झौताका सर्तहरु पूरा गर्ने कार्यका लागि प्रअ र शिक्षकहरुलाई प्रोत्साहन रकम उपलब्ध गराउने । विद्यालयले यसको प्रगति प्रतिवेदन नियमितरुपमा स्थानीय तहमा पेश गर्ने । स्थानीय तहले करार सम्झौता बमोजिम प्रगति भए नभएको अनुगमन गरी प्रति शिक्षा तथा मानवस्रोत विकास केन्द्र र शिक्षा विकास तथा समन्वय इकाइमा पेश गर्ने ।

**१०.९. नमूना विद्यालयको शैक्षिक तथा व्यवस्थापकीय योजना कार्यान्वयन अनुदानः**

क) नमूना विद्यालयको स्वीकृत गुरुयोजनामा उल्लेखित शैक्षिक सुधारका लागि पहिचान भएका कार्यक्रमहरुमध्ये विज्ञान प्रयोगशाला, ICT lab, पुस्तकालय व्यवस्था नभएका विद्यालयले सो व्यवस्थापन गर्न तथा नमूना विद्यालय व्यवस्थापन निर्देशिका २०७४ मा उल्लेखित शैक्षिक पूर्वाधारहरु, छात्रावास व्यवस्थापन, शैक्षिक सुशासनका न्यूनतम सर्त पूरा गर्ने कार्यक्रम तथा यस पूर्व भौतिक पूर्वाधार विकासका लागि विनियोजित बजेटको कार्य प्रगतिसहित शैक्षिक कार्यक्रम कार्यान्वयनका लागि आवश्यक बजेट सहितको प्रस्ताव विद्यालयले स्थानीय तहमा पेश गर्ने ।

ख) स्थानीय तह र विद्यालयबीच सम्झौता गरी विद्यालयलाई अनुदान उपलब्ध गराउने ।

ग) विद्यालयले सम्झौता अनुसार काम गरे नगरेको नियमित अनुगमन स्थानीय तहले गर्ने ।

**(११) सामुदायिक विद्यालयका छात्राहरुलाई निशुल्क सेनिटरी प्याड व्यवस्थाका लागि प्रति विद्यार्थी अनुदानः**

स्थानीय तहले विद्युतीय शैक्षिक तथ्याङ्कबाट कक्षा ६ देखि कक्षा १२ सम्म अध्ययनरत छात्राहरुको संख्या एकिन गरी १० महिनाका लागि विद्यालयलाई अनुदान रकम उपलब्ध गराउने । कक्षा ६ भन्दा तल्लो कक्षाका महिनावारी भएका छात्राहरुलाई यो व्यवस्था अनुसार सेनिटरी प्याड उपलब्ध गराउन सकिनेछ ।अनुदान प्राप्त विद्यालयले सेनिटरी प्याड (वितरण तथा व्यवस्थापन) कार्यविधि २०७६ बमोजिम

चन्द्रागिरि नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बलम्बु, काठमाडौं
बागमती प्रदेश, नेपाल

महिनावारीको समयमा छात्राहरुलाई निशुल्क प्याड उपलब्ध गराउने र फोहोर व्यवस्थापन गर्ने व्यवस्था गर्ने । प्याड खरिद तथा व्यवस्थापन गर्दा स्वदेशी उत्पादनलाई प्राथमिकता दिने । विद्यालयले समय समयमा प्रगति प्रतिवेदन स्थानीय तहमा पेश गर्ने । कार्यविधि बमोजिम स्थानीय तहले अनुगमन गर्ने ।

**(१२) कोभिड-१९ का कारण उत्पन्न परिस्थितिमा सिकाइ सहजीकरणका लागि शैक्षिक कार्यक्रमः**

कोभिड-१९ को अवस्थामा प्रत्यक्ष भौतिक उपस्थितिमा पठनपाठन सञ्चालन गर्न नसकिने परिस्थिति हुँदा विद्यार्थीको सिकाइलाई सहजीकरण गर्न निम्न उपक्रियाकलाप सञ्चालनका लागि सामुदायिक विद्यालयहरुलाई अनुदान रकम उपलब्ध गराइएको छ । उक्त रकम देहायबमोजिमको प्रक्रिया पूरा गरी खर्च गर्नु पर्नेछ ।

**१२.१. विद्यालयमा इन्टरनेट सेवा विस्तारका लागि अनुदानः** सबै सामुदायिक आधारभूत विद्यालयहरुलाई यो शीर्षकमा प्रति विद्यालय रु १२ हजारका दरले रकम पठाइएको छ । यस रकमबाट विद्यालयले सूचना र प्रविधिमा आधारित शिक्षण सिकाइ व्यवस्थापन गर्न विद्यालयमा इन्टरनेट जडान गर्ने ।

**१२.२. विद्यालयमा स्वास्थ्य सुरक्षा सामग्री व्यवस्थापनका लागि विद्यालयलाई अनुदानः** सामुदायिक विद्यालयमा अध्ययनरत पूर्व प्राथमिक कक्षा देखि कक्षा १२ सम्मका विद्यार्थी संख्या एकिन गरी प्रति विद्यार्थी रु २०० का दरले विद्यालयलाई यो शीर्षकमा अनुदान रकम उपलब्ध गराइएको छ । उक्त रकमबाट विद्यालयले कोभिडको अवस्थामा विद्यालय सञ्चालन कार्यढाँचा २०७७ तथा स्वीकृत स्वास्थ्य सम्बन्धी मापदण्डमा उल्लिखित स्वास्थ्य सुरक्षाका मापदण्ड विकास र व्यवस्थापन गर्न खर्च गर्ने र कार्य प्रगति प्रतिवेदन नियमित रुपमा स्थानीय तहमा पेश गर्ने । स्थानीय तहले यसको पालना र प्रयोगको नियमित अनुगमन गर्ने ।

**(१३) राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम अन्तरगत तोकिएका विद्यालयहरुमा तोकिएको भौतिक तथा शैक्षिक पूर्वाधार विकासका लागि अनुदानः**

विद्यालयले कार्यक्रम कार्यान्वयन गर्दा प्रधानाध्यापकले विद्यालय व्यवस्थापन समितिको निर्णय अनुसार गर्ने । विद्यालयले यस कार्यक्रम अन्तरगतका क्रियाकलाप कार्यान्वयन गर्दा सार्वजनिक खरिद ऐन तथा नियमावली अनुसारको प्रक्रिया अवलम्वन गर्नु पर्नेछ र स्वीकृत कार्यविधि र शर्तहरुको परिपालना गर्नु पर्नेछ । कार्यक्रमको कार्यान्वयन पश्चात निकासा प्राप्त रकमको लेखा राख्ने, प्रतिवेदन गर्ने र लेखापरीक्षणको दायित्व सम्बन्धित विद्यालय हुनेछ । यस अन्तर्गतका उपक्रियाकलापका लागि निम्न अनुसार गर्ने र कुनै द्विविधा भएमा नगरपालिका शिक्षा, युवा तथा खेलकुद शाखामा सम्पर्क गर्नेः

चन्द्रागिरि नगर कार्यपालिकाको कार्यालय
बलम्बु, काठमाडौं
बागमती प्रदेश, नेपाल

**१३.१. विद्यालय कक्षा कोठा निर्माणः** चालु आव २०७७।७८ का लागि स्वीकृत कार्यक्रम कार्यान्वयन पुस्तिकामा उल्लेखित विद्यालय भौतिक पूर्वाधार निर्माण कार्यका लागि तोकिएको मापदण्ड तथा कार्यप्रक्रिया अवलम्बन गर्ने।

**१३.२. कम्प्युटर ल्याव स्थापनाः** चालु आव २०७७।७८ का लागि स्वीकृत कार्यक्रम कार्यान्वयन पुस्तिकामा उल्लेखित विद्यालयमा शैक्षिक गुणस्तर सुदृढीकरण एवम् कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदान अन्तर्गत विद्यालयको शिक्षण सिकाइमा ICT को प्रयोगको लागि तोकिएको मापदण्ड तथा कार्यप्रक्रिया अवलम्बन गर्ने । कम्प्युटर ल्याव सञ्चालनमा रहेका विद्यालयहरुले ल्याव विस्तार गर्ने तथा नविनतम प्रविधि अन्तर्गतका स्मार्ट बोर्ड, प्रोजेक्टर लगायतका उपकरणहरु खरिद गरी विद्यार्थिका लागि प्रविधिमा आधारित सिकाइ वातावरणको प्रबन्ध गर्ने ।

**१३.३. पुस्तकालय तथा विज्ञान प्रयोगशालाः** चालु आव २०७७।७८ का लागि स्वीकृत कार्यक्रम कार्यान्वयन पुस्तिकामा उल्लेखित मापदण्ड तथा कार्यप्रक्रिया अवलम्बन गर्ने । विगतमा सञ्चालनमा रहेका विद्यालयहरुले विव्यसको निर्णय गरी उक्त सुविधा विस्तारका लागि आवश्यक सामग्रीहरु व्यवस्था गर्ने ।

**१३.४. शिक्षामा नविन प्रविधि प्रबर्द्धनः** विद्यालयले शिक्षण सिकाइमा विकास भएका नविनतम विधि र प्रविधि उपयोगका लागि आवश्यक पर्ने उपकरणहरु (जस्तैः स्मार्ट बोर्ड, प्रोजेक्टर तथा डिजिटल सिकाइ सामग्रीको व्यवस्था गर्ने) । विज्ञान, प्रविधि, इन्जिनियरिङ र गणित (STEM) सँग सम्बन्धित अनुसन्धान खोज तथा अन्वेषण गर्ने कार्य गरी प्राप्त निष्कर्षलाई शिक्षण सिकाइमा प्रयोग गर्ने ।

**१३. ५. शैक्षिक सामग्रीः** विद्यालयले व्यवस्थापन समितिको बैठकबाट खरिद/व्यवस्थापन गर्नुपर्ने आवश्यक शैक्षिक सामग्रीको सूची स्वीकृत गर्ने र सो सूची अनुसार प्रअले खरिद/व्यवस्थापन गर्ने । थप जानकारीका लागि नगरपालिका शिक्षा, युवा तथा खेलकुद शाखामा सम्पर्क गर्ने ।

चन्द्रागिरि नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बलम्बु, काठमाडौं
बागमती प्रदेश, नेपाल

# चन्द्रागिरि नगरपालिका अन्तरगत सञ्चालनमा रहेका सार्वजनिक विद्यालयहरुका लागि चन्द्रागिरि नगरपालिकाको आन्तरिक बजेटबाट सञ्चालन हुने शैक्षिक संस्था (सामुदायिक) पूर्वाधार विकास सहायता कार्यक्रमको कार्यान्वयनसम्बन्धी विद्यालयहरुलाई निर्देशन

विद्यालयहरुले यस शीर्षकमा उपलब्ध बजेट तथा कार्यक्रम कार्यान्वयनमा पालना गर्नुपर्ने सर्तहरु

१. नगरपालिकासँग कार्यसम्झौता भएपछि कार्यक्रम तथा बजेट उपलब्ध हुने ।

२. कार्यक्रम र बजेट उपलब्ध भएपछि विद्यालय व्यवस्थापन समितिको बैठकमा छलफल गराई विव्यसको मातहतमा कार्यक्रम सञ्चालन गर्ने ।

३. विद्यालयहरुले भौतिक पूर्वाधार निर्माणका कार्यहरु गर्नु परेमा सम्बन्धित वडाका प्राविधिकबाट लगत इष्टिमेट, प्राविधिक अनुगमन र कार्यसम्पन्न प्रतिवेदन गराई पेश गराउने ।

४. प्रचलित सार्वजनिक खरीद ऐन तथा नियमावली, आर्थिक ऐन र विद्यालय खरिद दिग्दर्शनलगायतका ऐन नियमले व्यवस्था गरेबमोजिम प्रक्रिया पूरा गरी खर्च गर्ने ।

५. नगद, जिन्सी सामानको प्राप्ति, खर्च र बाँकी तथा कार्यक्रमको प्रगति विवरण अभिलेख आदि दुरुस्त गरी राख्ने ।

६. कार्यक्रमको भौतिक तथा आर्थिक प्रगति विवरण र कार्यसम्पन्न प्रतिवेदन नगरपालिकाको सम्बन्धित वडा कार्यालय र नगरपालिकाको शिक्षा, युवा तथा खेलकुद शाखामा पेस गर्ने ।

७. खर्चको सामाजिक तथा आर्थिक लेखापरीक्षण गराउने ।

८. कार्यक्रम अन्तर्गत खर्च भएका रकमको अभिलेख व्यवस्थित तवरले राखी अनुगमन तथा नियमनकारी निकायले मागेको बखत उपलब्ध गराउने र अन्तिम फरफारकका लागि नगरपालिकामा पेश गर्ने ।

९. सबै कार्यक्रमहरु यस आर्थिक वर्ष २०७७।७८ भित्र सम्पन्न गरिसक्नु पर्नेछ ।